# सफलताका कथाहरू



## समावेशी शिक्षा सुदृढीकरण (सिकाइ) परियोजना

Australian AID | handicap international | RRPK | WORLD EDUCATION A DIVISION OF JSI | World Vision

© वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

सर्वाधिकार सुरक्षित ।

मे २०२४ मा प्रकाशित

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको लिखित स्वीकृति बिना यस प्रकाशनको कुनै पनि अंश कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनः प्रकाशन गर्न पाइने छैन । यद्यपि, पाठकहरूले गैर–व्यावसायिक उद्देश्यका साथ उचित स्वीकृति लिएर प्रयोग गर्न भने पाइनेछ ।

कार्यकारी सम्पादक

डा. सुमन कुमार शाक्य

प्राविधिक समीक्षाका लागि योगदान गर्ने सिकाइ परियोजनाको कन्सोर्टियम टिम, ह्यान्डिक्याप इन्टरनेशनल, विश्व शिक्षा, अनुसन्धान तथा प्रशिक्षण संस्थान, वर्ल्ड भिजन इन्टरनेशनल नेपाल र स्थानीय साझेदार संस्था राष्ट्रिय रोजगार प्रवर्धन केन्द्र, सर्लाही ।

सफलताका कथाहरू सङ्कलनका क्रममा निरन्तर सहयोग गर्ने सिकाइ परियोजनाका सदस्यहरू प्रति कृतज्ञ छौँ ।

प्रतिलिपि अधिकार : वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, मे २०२४

प्रकाशन : वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, ललितपुर, नेपाल

संस्करण : पहिलो, मे २०२४

स्वीकृति :

“यो प्रकाशन अस्ट्रेलियन एडको सहयोगले सम्भव भएको हो । यी सामग्रीहरू वर्ल्ड भिजन इन्टरनेशनल नेपालको जिम्मेवारी हुन् र अष्ट्रेलियन सहायता सरकारको विचारलाई प्रतिविम्वित गर्दैनन् ।”



घरमा आफ्नी दिदी र दाइसँग पढ्दै गरेका आयान

## विषय सूची


आदर्शले प्रथम स्थान हासिल गरे ............ ५

आयानको प्रेरणादायी यात्रा ............ ६

अब मैले कक्षाको कुनै पनि कुनाबाट स्पष्ट देख्न सक्छु ............ ७

श्रवण यन्त्रको वरदानले ल्याएको परिवर्तन ............ ८

उपचारात्मक कक्षाले नाज्मिनलाई सिक्न मद्दत गऱ्यो ............ ९

शैक्षिक सामग्री मार्फत सिकाइमा सुधार ............ १०

सरोजको आशा र सफलताको यात्रा ............ ११

एक्लोपन देखि प्रेरणा सम्म : समावेशी शिक्षा तर्फ निभाको यात्रा ............ १२

साहसिक यात्रा ............ १३

असफल विद्यार्थी देखि सामुदायिक अभियन्तासम्म ............ १४

विद्यालयहरूमा नागरिक आवाज र कर्तव्य समूहको प्रभाव ............ १५

सुझाव तथा प्रतिक्रिया संयन्त्र मार्फत सिक्ने वातावरणमा सुधार ............ १६

शिक्षा, समावेशीकरण, वृद्धि र विकासलाई सशक्तीकरण गर्दै ............ १७

हामीले समावेशी शिक्षाको थालनी गरेका छौं ............ १८

नीतिहरूले समावेशी वातावरण सिर्जना गरेको छ ............ १९

आशा विद्यालय जान थालिन् ............ २०

**पढाइ सचेतना कार्यशालाको प्रभाव**

उचित तरिका अपनाउँदै : बालबालिकाको प्रगतिका लागि प्रतिबद्ध ............ २२

समावेशी शिक्षाको लागि अभिभावकलाई सशक्त बनाउँदै ............ २३

पढाइ सचेतना कार्यशालाले आमालाई बालबालिकाको शिक्षा प्रति प्राथमिकता दिन मद्दत गऱ्यो ...... २४

समुदाय सचेतनाको आशाजनक प्रभाव ............ २५

छोराको पढाइलाई सहयोग गर्न सिमाको यात्रा ............ २६

## परियोजना सारांश

सिकाइ परियोजना अष्ट्रेलियन एड्को गैरसरकारी सहकार्य कार्यक्रमको आर्थिक सहयोगमा वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, ह्यान्डिक्याप इन्टरनेशनल र विश्व शिक्षा तथा राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्रको साझेदारीमा सर्लाही जिल्लामा सञ्चालित ५ वर्षे परियोजना हो । यस परियोजनाले विद्यालय भित्र र बाहिरका बालबालिकाहरूको समावेशी शिक्षामा समान पहुँच, सहभागिता र संलग्नतामा सुधार गर्दै सर्लाही जिल्लाको विभिन्न जातजाति, महिला र क्रियात्मक सीमितता भएका ६१,९०४ जनालाई लाभान्वित गरेको छ ।

यस परियोजनाले अति सङ्कटासन्न समूह, विशेष गरी सीमान्तकृत, अपाङ्गता भएका र सिकाइमा कठिनाइ भएका बालबालिकाहरूको पहुँच र शिक्षामा समान सहभागिता गराउने लक्ष्य राखेको थियो । उक्त लक्ष्य हासिल गर्न, परियोजनाले समावेशी शिक्षा प्रणालीलाई बलियो बनाउन विभिन्न रणनीति अपनाइ कार्य सम्पादन गरेको थियो । साथै बाल-केन्द्रित र समावेशी शिक्षण प्रणाली सुदृढ गर्न कक्षाकोठा सु-सज्जित गरी पूरक/समावेशी शिक्षण सिकाइ सामग्रीहरू सहयोग गरेको थियो । त्यस्तै, परियोजनाले अति सङ्कटासन्न समूहका बालबालिकाको शिक्षामा पहुँच बढाउन (अपाङ्गता भएका बालबालिका र विद्यालय बाहिरका दलित बालिकाहरू) बालबालिकालाई सहायक उपकरण र शैक्षिक सामग्रीहरू उपलब्ध गराएको थियो भने विद्यालयको सुशासन सुधारका साथै पहुँचयोग्य र सुरक्षित विद्यालय पूर्वाधार, खानेपानी, सरसफाइ र स्वच्छताका लागि पनि सहयोग पुऱ्याएको थियो । त्यसैगरी, परियोजनाले समावेशी शिक्षाका अवरोधहरूलाई सम्बोधन गर्न सामुदायिक समूह र सञ्जालहरूलाई संलग्न गराइ स्थानीय स्तरमा बाल संरक्षण संयन्त्रहरूलाई सक्रिय बनाउन पनि सहयोग गरेको थियो ।

सिकाइ परियोजना सर्लाही जिल्लाको हरिपुर्वा नगरपालिका, पर्सा गाउँपालिका, चन्द्रनगर गाउँपालिका र ब्रह्मपुरी गाउँपालिका अन्तर्गत रहेका ८१ विद्यालयहरू (५८ सामुदायिक विद्यालय र २३ मदरसाहरू) मा कार्यान्वयन भएको थियो । यस परियोजनाले विद्यालयभित्र रहेका र विद्यालय बाहिर रहेका बालबालिका र माथि उल्लेखित गाउँ तथा नगरपालिकाहरूका सम्पूर्ण समुदायलाई लक्षित गरिएको थियो । समावेशी शिक्षण प्रणाली र अभ्यासहरू कार्यान्वयान गर्न स्थानीय सरकार, शिक्षा शाखाहरू, विद्यालयहरू, अपाङ्गता भएका व्यक्तिहरूको संस्था (OPDs), र विद्यालय व्यवस्थापन समिति, महिला समूह, युवा र बाल क्लबहरूसँग सहकार्य गरी परियोजना संचालन भएको थियो । अभिभावकहरूलाई घरमा सिकाइ वातावरण सिर्जना तथा अभिभावक र समुदायका अन्य पुरुषहरूलाई परिवर्तनका संवाहकको रूपमा लिई समुदायमा रहेका असमानताहरू कम गर्न परिचालन गरेको थियो ।



*आदर्श आफ्नी आमासँग घरमा अध्ययन गर्दै*

# आदर्शले प्रथम स्थान हासिल गरे

सर्लाहीका ६ वर्षीय आदर्श आफ्नो कक्षामा प्रथम श्रेणी हासिल गर्ने विद्यार्थी हुन् । उनकी आमा शिला देवीले खुसी व्यक्त गर्दै भनिन्, "पहिले उसको रोल नं. ५५ थियो, तर अहिले ऊ नियमित विद्यालय जान थालेपछि प्रथम भएको छ ।"

दुवै खुट्टामा असन्तुलन (क्लब फुट) देखा परेका आदर्श अहिले पूर्ण रूपमा निको भएका छन् र आफ्नो गाउँको आधारभूत विद्यालयको कक्षा १ मा अध्ययनरत छन् । आदर्श क्लब फुट भएर जन्मिएपछि उनका अभिभावक चिन्तित भएका थिए । उनीहरूले आदर्शको उपचारका लागि काठमाडौँ, जनकपुर र भारतका विभिन्न स्वास्थ्य उपचार केन्द्रहरूमा पुगी डाक्टरसँग सल्लाह र परीक्षण पनि गराए तर कुनै सुधार भने हुन सकेन ।

एक दिन, आदर्शले आफ्नो विद्यालयमा सिकाइ परियोजनाले आयोजना गरेको स्वास्थ्य जाँच शिविरमा भाग लिए । चिकित्सक टोलीले उनलाई क्लब फुट (खुट्टाको मांसपेशी र हड्डीलाई असर गर्ने) भएको पहिचान गर्‍यो । यसका साथै उनको अभिभावकलाई परियोजनाले सुधारिएको जुत्ता र त्यसलाई सही तरिकाले प्रयोग गर्ने ज्ञान र सीपहरू उपलब्ध गरायो । एक वर्षसम्म सुधारिएको जुत्ता प्रयोग गरेपछि, परियोजना मार्फत घर-घरमा पुनः लेखाजोखा र पुनः भेटघाट शिविरको पनि प्रत्यक्ष रूपमा आयोजना गर्‍यो, जहाँ आदर्श पूर्ण रूपमा निको भएको पाइयो । अहिले चिकित्सक टोलीले उनलाई सुधारिएको जुत्ताको प्रयोग गर्न आवश्यक नभएको सिफारिस गरेको छ ।

सफलताको यो अवस्था देख्दा आदर्शकी आमा शिलालाई खुसीले भावुक बनाएको छ । उनले परियोजना प्रति कृतज्ञता व्यक्त गर्दै भनिन्, "सिकाइ परियोजना नभएको भए मेरो छोराको खुट्टामा सुधार हुने थिएन । मेरो छोराको लागि यो परियोजना वरदान स्वरूप भएको छ ।" यस परियोजनाले उनलाई शैक्षिक सामग्री समेत सहयोग गरेको छ । अब, आदर्श सजिलै विद्यालय जान र आरामसँग जीवन बिताउन सक्छन् । फलस्वरूप, उनको भविष्य अब उज्यालो बाटोमा अघि बढिरहेको छ ।

# आयानको प्रेरणादायी यात्रा

सिकाइ परियोजनाको सहयोगपछि सर्लाहीका चार वर्षीय आयानको जीवनमा धेरै परिवर्तन आएको छ । यो परिवर्तनले परिवार र समुदायको सहयोगमा अपाङ्गता भएका बालबालिकाको जीवनमा कसरी सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने उदाहरण दिएको छ ।

आयान आर्थिक चुनौतीहरूको सामना गरिरहेको एक साधारण परिवारमा जन्मिएका थिए । छ महिनाको हुँदा उनको दाहिने खुट्टामा क्यान्सरको लक्षण देखिएपछि खुट्टा काट्नु परेको थियो । त्यस पश्चात्, उनले धेरै कठिनाइहरूको सामना गर्नु पर्‍यो ।

सिकाइ परियोजनाको सहयोगपछि यस्ता अवरोधहरूको सामना गरिरहेका आयानको जीवनले सकारात्मक मोड लियो । सुरुमा परियोजनाले संचालन गरेको मोबाइल शिक्षिका सिर्जना आचार्यले आयानको अवस्था पहिचान गर्न महत्त्वपूर्ण भूमिका खेल्नुभयो। पहिले उनको परिवारले आयानको अवस्था खुलेर बताउन हिचकिचाउनु हुन्थ्यो तर स्क्रीनिङ्ग प्रक्रियाको महत्त्व बुझेपछि उहाँहरूलाई परियोजना प्रति विश्वास बढ्दै गयो र सहयोग गर्न थाल्नु भयो ।


आफ्नी आमासँग विद्यालय जाँदै गरेका आयान

सिकाइ परियोजनाको साथले आयानको जीवनमा आशाको किरण छायो । फिजियोथेरापिस्ट, प्रोस्थे टिस्ट र अर्थोटिक्स (P&O) टोलीको सहयोगमा कृत्रिम खुट्टा लगाएपछि आयानको जीवनले नयाँ मोड लियो । उनका अभिभावकले परियोजनाले संचालन गरेको प्रेरणा शारीरिक पुनर्स्थापना केन्द्रको सत्रमा सहभागी भएर अपाङ्गता भएका बालबालिकाहरूको स्याहारसुसारको महत्त्व बुझ्न सफल हुनुभयो ।

आयान आफ्नो विद्यालयको बाल विकास केन्द्रमा उपस्थित मात्रै छैनन्, नयाँ जोस र जागरका साथ अगाडि बढ्दै छन् । विद्यालयमा उनको नियमित उपस्थिति, आमाबाबुको सहयोग र साथीहरूको हौसलाले उनको उज्ज्वल भविष्य मात्रै देखाएको छैन, शिक्षाको अवरोधहरू तोड्न सिकाइ परियोजनाले सफलता पनि झल्काएको छ । परियोजनाले अति सङ्कटासन्न बालबालिकाहरूलाई आधारभूत शिक्षामा समान पहुँच र सहभागिता गराउने उद्देश्यका साथ आयान जस्ता धेरै बालबालिकालाई सहयोग गरिरहेको छ ।

आयानको उमेर बढ्दै जाँदा कृत्रिम खुट्टाको नाप पनि बढ्दै जान्छ । उनका अभिभावकहरू पटक-पटक जाँच गराई नयाँ नाप अनुसार परिवर्तन गरिदिन प्रतिबद्ध छन् । यसले आयानको शिक्षामा पहुँच सुनिश्चित गर्न उनका अभिभावकको प्रतिबद्धता देखाउछ । आयानका सकारात्मक प्रगतिहरू सिकाइ परियोजनाको सफलताको प्रमाण हुन्, जसले सामुदायिक संलग्नता, सचेतना र निरन्तर सहयोगले अपाङ्गता भएका बालबालिकाहरूले कसरी चुनौतीहरूको  सामना गरी आफ्ना सपना पुरा गर्न सशक्त बन्न सक्छन् भन्ने चित्रण गर्छ ।

## अब मैले कक्षाको कुनै पनि कुनाबाट स्पष्ट देख्न सक्छु

कक्षा दशमा अध्ययनरत सर्लाहीकी रिका पढाइमा अब्बल छिन् । उनी भन्छिन्, “पहिले बोर्डमा लेखेको केही पनि देख्दिनथेँ तर अहिले कक्षाको जुनसुकै कुनाबाट पनि स्पष्ट देख्न सक्छु । अब आउने परीक्षामा राम्रो अङ्क ल्याएर सफल हुन्छु भन्नेमा पूर्ण विश्वस्त छु ।”

पहिले स्पष्ट देख्न नसक्दा रिकालाई पढ्नमा धेरै असहज महसूस हुन्थ्यो । धमिलो देख्ने र टाउको दुख्ने कारणले उनलाई कठिन भएको हो । उनी भन्छिन्, “जब मैले किताब हेर्थे, दुवै आँखाबाट आँसु झर्थ्यो ।” यसले पढाइलाई मात्रै असर गरेन, उनलाई निरुत्साहित नै बनायो । फलस्वरूप, रिकाको विद्यालयमा उपस्थिति निकै कम हुँदै गयो र अन्ततः विद्यालय जानै छोडिन् ।

सिकाइ परियोजनाले संचालन गरेको प्रारम्भिक पहिचान परीक्षण गर्दा उनको दृष्टिमा क्रियात्मक सीमितता रहेको पत्ता लाग्यो । त्यसपछि परियोजनाले संचालन गरेको आँखा जाँच शिविरमा पनि उनको दुवै आँखामा दृष्टिको कमी भएको पाइयो । डाक्टरहरूले उनलाई चश्मा प्रयोग गर्न सिफारिस गरे र परियोजनाले चश्मा पनि सहयोग गर्‍यो ।

चश्माको नियमित प्रयोगले उनको दृष्टिमा सुधार भइरहेको छ र अहिले उनी नियमित विद्यालय जान्छिन् । साथै, परियोजनाले संचालन गरेको रूपान्तरण कक्षामा पनि सहभागी भई उनले जीवन उपयोगी धेरै सीपहरू सिकी सकेकी छिन् ।

रिकाकी आमा भन्छिन्, “दृष्टिमा कठिनाइ भएपछि मेरी छोरीले पढाइमा ध्यान दिन सकिनन् र विद्यालय जानै छोडेकी थिइन् । तर अहिले चश्माको सहयोग वरदान साबित भएको छ । पहिलेको तुलनामा घरमा पनि धेरै समय पढ्न थालेकी छिन् र नियमित विद्यालय पनि जान्छिन् ।”

रिका खुसी हुँदै भन्छिन्, “अब मलाई पढ्न र लेख्नमा कुनै कठिनाइ छैन । धेरै पढेर केही गर्ने साहस बढेको छ ।” अहिले उनी परीक्षामा राम्रो अङ्क ल्याइ सफल बन्ने लक्ष्यका साथ नियमित विद्यालय जान्छिन् ।



घरमा पढ्दै रिका

# श्रवण यन्त्रको वरदानले ल्याएको परिवर्तन

कक्षा ३ मा पढ्ने सर्लाहीकी सालेहा नियमित विद्यालय जान मन पराउँछिन्, किनकि विद्यालयमा उनका धेरै रमाइला साथीहरू छन् । यद्यपि पहिले यस्तो थिएन । सालेहाले सुन्न र बोल्न नसक्ने भएका कारण अरूसँग कुराकानी गर्न र साथी बनाउन धेरै गाह्रो थियो ।

सालेहा एक वर्षकी हुँदा उनलाई कानको दुखाई कम गर्ने औषधी दिइएको थियो, औषधीको असरका कारण उनले बिस्तारै सुन्न छोडिन् । सुन्न छोडेपछि उनी राम्रोसँग बोल्न पनि असमर्थ भइन्, जसले गर्दा उनको अध्ययनमा थप चुनौती सिर्जना भयो । उनका साथी र शिक्षकहरूलाई उनीसँग कुराकानी गर्न कठिनाइ भयो, जसले गर्दा उनले एक्लो महसुस गर्न थालिन् ।

सालेहाकी आमा भन्नुहुन्छ, "अरूले साइकल चलाएको देखेर मेरी छोरी पनि साइकल चलाउन चाहन्थिन् तर, सुन्न नसक्ने भएकाले पछाडिबाट आएका गाडीले ठक्कर दिने डर थियो ।" उनले भनिन्, "एक पटक मैले धेरै बोलाउँदा पनि उनले जवाफ नदिएकोमा म धेरै रिसाएँ तर पछि मैले महसुस गरे कि, यदि मेरी छोरी सालेहाले सुन्न सकेको भए त जवाफ दिन्थिन् र मैले बोलाउँदा आउँथिन् होला नि ।"

यसै समयमा सिकाइ परियोजना लागू भयो र परीक्षण गरेर सालेहालाई श्रवण यन्त्र दियो । श्रवण यन्त्रको नियमित प्रयोगपछि अहिले उनले बिस्तारै सुन्न थालेकी छिन् । सुन्न थालेपछि उनको बोली पनि फेरी आउन थालेको छ । सालेहा अहिले नियमित विद्यालय जान्छिन् र पढाइसँगै साथीभाइहरूसँग रमाइलो गर्छिन् । आजभोलि सालेहाले साइकल पनि चलाउँछिन्, यो देख्दा उनकी आमा खुसीले गद्गद् हुनुहुन्छ ।



*सालेहा खुसीसाथ आफ्नो घरमा साइकल चलाउँदै*

# उपचारात्मक कक्षाले नाज्मिनलाई सिक्न मद्दत गऱ्यो

कक्षा ४ मा पढ्ने सर्लाहीकी नाज्मिनलाई अक्षर चिन्न, शब्दहरू पढ्न, लेख्न र वाक्य निर्माण गर्न धेरै गाह्रो थियो। खासगरी उनी नेपाली भाषामा बढी कमजोर थिइन्, यसकारण कक्षामा पनि प्राय पछाडि बस्ने गर्थिन्। तर अहिले, सिकाइ परियोजनाले संचालन गरेको नेपाली विषयहरूमा १५ दिने उपचारात्मक कक्षामा सहभागी भएपछि उनको लेखन तथा पठन सीप धेरै विकास भएको छ ।

नाज्मिनले यस उपचारात्मक कक्षामा विभिन्न खेलहरू, भूमिका प्रदर्शन, र शैक्षिक सामग्रीको प्रयोग मार्फत रमाइलो गरी आधारभूत सीपहरू सिकिन्। थोरै विद्यार्थी हुने हुँदा उनले बिना हिचकिचाहट विभिन्न खेलहरू र शिक्षण-सिकाइ गतिविधिहरूमा भाग लिइन् । यसले उनको आत्मविश्वास बढाउनमा मद्दत पुऱ्यायो । नतिजा स्वरूप अहिले नाज्मिन नियमित विद्यालय जान थालेकी छिन् र उनको समग्र पढाइ लेखाइमा उल्लेखनीय सुधार भएको छ ।

नाज्मिनले अहिले अक्षरहरू चिन्न, शब्दहरू पढ्न र लेख्न, आफ्ना साथीहरू र परिवारको नाम लेख्न सक्छिन्। उनी अहिले साथीहरूसँग छलफल गर्न, नबुझेका कुरा शिक्षकहरूसँग सोध्न र शिक्षक अनुपस्थित भएको बेला आफ्ना साथीहरूलाई अध्ययनमा सहयोग गर्न पनि सक्ने भएकी छिन् । आफ्नो खुसी व्यक्त गर्दै नाज्मिन भन्छिन्, "पढ्न र लेख्न सक्ने भएकोमा म धेरै उत्साहित छु । अब म मेरो ज्ञान साथीहरू र आमाबाबुसँग बाँड्न सक्छु ।"

नाज्मिनको सफलताको कथा उनी जस्तै विद्यार्थीहरूको कठिनाइ हटाइ, क्षमता बढाउन मद्दत गर्ने उपचारात्मक कक्षाको प्रमाण हो । सामाजिक, आर्थिक वा भाषिक पृष्ठभूमि जस्तोसुकै भए तापनि सबै विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षामा समान पहुँच प्रदान गर्ने सिकाइ परियोजनाको प्रयास सराहनीय छ । नाज्मिन जस्ता बालबालिकालाई शिक्षामा लगानी गरेर, हामी हाम्रो समुदाय र देशको उज्ज्वल भविष्य निर्माण गर्न सक्छौं ।



*नाज्मिन आफ्ना साथीहरूको अगाडि किताब पढ्दै*



विद्यालयमा पढाउँदै बन्दना

# शैक्षिक सामग्री मार्फत सिकाइमा सुधार

समावेशी शैक्षिक सामग्रीको प्रयोग गर्न थालेपछि चन्द्रनगर गाउँपालिकाको चित्रगुप्त सामुदायिक प्राथमिक विद्यालयका बालबालिकाको सिकाइ उपलब्धि वृद्धि भएको छ । पहिले उपयुक्त शिक्षण विधि र शैक्षिक सामग्रीहरूको अभावका कारण विद्यालयकी प्रधानाध्यापक बन्दना र उनको टोलीलाई विद्यार्थीहरूको सिकाइ क्षमता बढाउन धेरै कठिनाइ भएको थियो ।

सिकाइ परियोजनाले सुरुमा प्रारम्भिक कक्षा शिक्षण सिकाइ सम्बन्धी तालिम प्रदान गरायो । तालिममा विद्यार्थीहरूको सिकाइ क्षमता बढाउन समावेशी तरिकाले कसरी पढाउने भन्ने बारेका सीप प्रदान गरियो । त्यसपछि परियोजनाले समावेशी शैक्षिक सामग्रीहरू प्रदान गर्नुका साथै यसको प्रयोग गर्ने तरिका पनि सिकायो । अहिले विद्यालयले विषयसँग मिल्ने शैक्षिक सामग्री प्रयोग गर्दै आएको छ । शैक्षिक सामग्री र समावेशी खेलको माध्यमबाट विद्यार्थीहरूले रमाइलो तरिकाले सिक्न पाएका छन्, जसले गर्दा उनीहरूको सिकाइ उपलब्धिमा वृद्धि भएको छ ।

यस्ता सामग्रीको प्रयोगले विद्यालयका धेरै कक्षाहरूमा एकैपटक पढाउन सकिने हुँदा, अरू कक्षाका बालबालिकालाई पनि समय दिन सहज बनाएको बन्दनाले बताउनुहुन्छ । उहाँले काठमाडौंमा आयोजना गरिएको गणित शिक्षक कार्यशालामा पनि भाग लिनुभएको थियो, त्यहाँ उहाँले मधेश प्रदेशका विभिन्न गणित शिक्षकहरूसँग अन्तरक्रिया गर्ने अवसर प्राप्त गर्नुभयो । यो अनुभवले उहाँको आत्मविश्वास मात्रै नबढेर धेरैजनाको बिचमा छलफल गर्न र पालिकाले आयोजना गर्ने प्रधानाध्यापक बैठकमा आत्मविश्वासका साथ आफ्ना कुरा राख्न समेत सक्षम बनाएको छ ।

सिकाइ परियोजनाले उपलब्ध गराएका शैक्षिक सामग्रीबाट आफ्ना बालबालिकाको पठन तथा लेखन सीप बढेपछि अभिभावकहरू पनि खुसी भएका छन् । उनीहरूले विद्यालयको वातावरण राम्रो भएकोमा बन्दनाको नेतृत्वको प्रशंसा गर्छन् । बन्दना भन्नुहुन्छ, “यो सुरुवात मात्रै हो, हामीले धेरै लामो यात्रा पार गर्न बाँकी नै छ । तर सिकाइ परियोजनाले उपलब्ध गराएका सामग्री र क्षमता अभिवृद्धिका तालिमले विद्यार्थीको सिकाइ सीप अझ बढ्ने कुरामा म विश्वस्त छु ।”

# सरोजको आशा र सफलताको यात्रा

सर्लाहीका १८ वर्षीय सरोज रूपान्तरण कक्षाले गरेको परिवर्तनको प्रेरणादायी उदाहरण हुन् । केही समयअघि सरोजले आफ्नो शैक्षिक यात्रामा धेरै अवरोधहरूको सामना गर्नुपरेको थियो ।

सरोजका बुबाको निधनपछि दुई छोरा र दुई छोरीलाई एक्लै हुर्काउन उनकी आमा राधियालाई धेरै सङ्घर्ष गर्नु पऱ्यो । त्यसमाथि सरोज साथीहरूसँग लागूपदार्थको दुर्व्यसनमा संलग्न भएको र विद्यालय पनि नियमित जान छोडेको कुराले उनलाई थप पीडा दियो ।

तर सिकाइ परियोजनाले संचालन गरेको रूपान्तरण कक्षामा नियमित जान थालेपछि सरोजको जीवनमा सुधार आउन थाल्यो । उनले राम्रो र नराम्रो कुरा छुट्याउने देखि लिएर जिम्मेवार तरिकाले आर्थिक व्यवस्थापन कसरी गर्ने भन्ने जस्ता जीवन उपयोगी सीपहरू सिक्न थाले । सबैभन्दा महत्त्वपूर्ण कुरा उनले लागूपदार्थको दुरुपयोग त्यागेर पढाइमा मन लगाउन थाले ।

रूपान्तरण कक्षाले सरोजको जीवनमा सुधार मात्रै ल्याएन, समाजमा सकारात्मक सन्देश समेत फैलायो । उनकी आमा राधिया यो परिवर्तनलाई चमत्कार मान्छिन् । आजभोलि लागूऔषध दुरुपयोग विरुद्ध सामूहिक आवाज उठाउन र कक्षाकोठामा राम्रो वातावरण बनाउन सरोज आफ्ना साथीहरूका बिचमा उदाहरणीय बनेका छन् ।

सरोज परिवर्तनकारी सम्भाव्यताको साक्षी हुन्, जस्ले आफ्नो व्यक्तिगत सङ्घर्षलाई जितेर, समुदायमा प्रेरणाको स्रोत बनेका छन् । उनी भन्छन्, "म चुरोट पिउँथे तर रूपान्तरण कक्षामा सहभागी भएपछि छाडिदिएँ । अब म राम्ररी पढेर प्राविधिक बन्ने लक्ष्य राखेको छु ।"

सरोज जस्ता धेरै विद्यार्थीहरूलाई रूपान्तरण कक्षा शिक्षाको उज्यालो दिशा तर्फ डोऱ्याउने आशाको किरण बनेको छ । सरोजको परिवर्तनशील जीवनलाई पछ्याउँदै, अब यस्ता प्रभावकारी पहलहरूलाई दिगो रूपमा विस्तार गर्न आवश्यक छ ।




*बालविवाह विरुद्ध सचेतना जगाउँदै निभा र उनका साथीहरू*

## एक्लोपन देखि प्रेरणा सम्म : समावेशी शिक्षा तर्फ निभाको यात्रा

मनछुने सफलताको यो कथामा हामी देख्छौं कि एक युवा विद्यार्थी निभाले कसरी आफ्नो डर र चुनौतीहरूलाई जितेर साथीहरूका लागि प्रेरणाको स्रोत बनिन् ।

चार वर्षको उमेरमै निभाको हातमा मांसपेशी एट्रोफी भएको पत्ता लाग्यो । आमा बाबुले नेपाल र भारतका धेरै स्थानमा उपचारका लागि लिएर गए पनि उनको अवस्थामा कुनै सुधार आएन । यसले निभालाई निराश बनायो र आफू एक्लो भएको महसुस गर्न थालिन् ।

तर सिकाइ परियोजनाले संचालन गरेको रूपान्तरण कक्षामा सहभागी हुन थालेपछि निभाको जीवनमा सकारात्मक परिवर्तन देखिन थाल्यो । रूपान्तरण कक्षामा उनले लैङ्गिक हिंसा, किशोर अवस्था, बाल विवाह जस्ता धेरै जीवन उपयोगी कुराहरू सिक्न पाइन । कक्षामा उनले आफ्ना साथीहरूको सहयोगमा आत्मविश्वास बढाउँदै अरूसँग अन्तरक्रिया गर्न पनि सुरु गरिन् । आफ्नो नयाँ आत्मविश्वास र सिक्ने उत्सुकता देखाउँदै उनले सहजकर्तालाई प्रश्नहरू सोध्न समेत थालिन् ।

निभा भन्छिन्, “रूपान्तरण कक्षामा पढेका मेरा साथीहरूले मलाई नियमित रूपमा विद्यालय जान र जिस्काउने घटनाहरूका बारेमा शिक्षकहरूलाई भन्न प्रोत्साहन गरे, अब म यहीँ जोस र जागरका साथ अगाडि बढ्छु र राम्ररी पढेर बैंकमा अधिकृत बन्न चाहन्छु ।”

रूपान्तरण कक्षा मार्फत निभाले आफ्ना चुनौतीहरू पार गरेर समावेशी शिक्षाको सकारात्मक प्रभावलाई देखाउँदै आफ्ना साथीहरूका लागि प्रेरणाको स्रोत बनेकी छिन् । सिकाइ परियोजनाले निभा जस्ता विद्यार्थीहरूका लागि जीवन उपयोगी सीप प्रदान गरी सहयोगी वातावरण सिर्जना गरेको छ ।



सामाजिक कु-प्रथाहरू विरुद्धको अभियानमा रुबैदा

## साहसिक यात्रा

चार सन्तानकी आमा रुबैदा आफ्नो समुदायमा महिला नेतृत्वको प्रेरणादायी उदाहरण हुन् । महिलाहरूले आफ्नो परिवारका सदस्यहरूसँग मात्रै कुरा गर्न पाउने र घुम्टो लगाएर घरभित्र मात्रै सीमित रहनु पर्ने संस्कार भएको समुदायकी रुबैदाको सशक्तीकरणको यात्रा सिकाइ परियोजनाले संचालन गरेको सामुदायिक परिवर्तन (सी-चेन्ज) समूहबाट सुरु हुन्छ ।

समूहबाट सुरुमा घर-दैलो अभियान र अन्तरक्रिया कार्यक्रमहरू गर्दा गाउँका मान्छेहरूबाट उनले धेरै विरोधको सामना गर्नु पर्‍यो । उनी भन्छिन्, "मलाई गाउँका छोरी, बुहारीलाई बिगार्न लागि भन्थे, यिनीहरू पढेर, म्याट्रिक गरेर के नै गर्ने हुन्छ र ? आखिरमा घरमा भात नै पकाउने हुन् नि पनि भन्थे । तर पनि मेरो आत्मविश्वास घटेन ।" उनी बालश्रम, छुवाछुत, भेदभाव र बाल विवाह विरुद्ध घर-दैलो अभियानमा निरन्तर लागिन् र स्थानीय सरकार तथा समुदायमा अन्तरक्रिया गर्दै जाँदा उनको आत्मविश्वास अझ बढ्दै गयो । घरेलु हिंसा, बहुविवाह लगायतका विषयमा उनले मलङ्गवा नगरपालिका पुगेर समेत आवाज उठाएकी छिन् ।

रुबैदाले सामाजिक कुप्रथाको बाधा तोड्दै समुदायका महिलाहरूका लागि आवाज बुलन्द गरिन्, अहिले यहाँका महिलाहरूले लैङ्गिक हिंसा वा कुनै पनि समस्या पर्दा उनीसँग सल्लाह गर्छन् ।

केही समय अगाडि रुबैदाले ५०० जान महिलाहरूको नेतृत्वमा नगरपालिकाको कार्यालयलाई सबैको पहुँच हुने स्थानमा सार्ने अभियानमा समेत भाग लिइन् । उनको नेतृत्व कौशलले समुदायमा उनको सम्मान बढ्दै गएको छ । विशेषगरी, मुस्लिम समुदाय भित्रका सामाजिक कुप्रथाहरू विरुद्ध बोल्ने आफ्नो काममा उनी गर्व गर्छिन् । रुबैदा भन्छिन्, "सी-चेन्ज समूहले हामीलाई सशक्त बनायो र हाम्रो क्षमता, आत्मविश्वास र अरूसँग बोल्ने साहस बढायो ।"

उनी भन्छिन्, पहिले डरका कारण घुम्टो लगाउँथ्यौं, तर अहिले मान मर्यादा, इज्जत र स्वाभिमान साथ घुम्टो लगाउँछौं । अहिले कुनै दबाब छैन । समुदाय परिवर्तन समूहले बाटो देखायो, अब अगाडि जाने बाटोका लागि हामीले सपना देखिरहेका छौं ।

रुबैदाको कथाले हामीलाई सामूहिक प्रयासले समाजलाई महत्त्वपूर्ण प्रभाव पार्न सक्छ र परम्परामा सीमित भएकाहरूलाई पनि सशक्त बनाउन सक्छ भन्ने सन्देश दिन्छ । सी-चेन्ज समूहले उनी जस्ता धेरै सहभागीहरू र समुदायलाई प्रतिकूल असर पार्ने हानिकारक अभ्यासहरू उन्मूलन गर्न सशक्त बनाएको छ ।

# असफल विद्यार्थी देखि सामुदायिक अभियन्तासम्म

सर्लाहीका १६ वर्षीय गुर्फान राम्ररी पढेर सरकारी अधिकृत बन्ने लक्ष्यका साथ नियमित विद्यालय जान्छन् । यस अघि गुर्फान पढाइमा कमजोर थिए र नराम्रो सङ्गतका कारण लागूऔषधको कुलतमा फसेका थिए ।

खराब बानी त्यागेर परिवारको अर्थतन्त्रमा योगदान पुर्‍याउन सकुन् भनेर गुर्फानको परिवारले सानै उमेरमा कारखानामा काम गर्न भारत पठाउने निर्णय गर्‍यो । यसै समयमा सी-चेन्ज समूह र बालअधिकार समूहका सदस्यहरूले गुर्फान र उनको परिवारसँग छलफल गरे । सुरुमा गुर्फानले आफ्नो पढाइलाई निरन्तरता दिन चासो देखाएनन् बरु भारत जान तयार भए । तर बालश्रम सम्बन्धी कानुनबारे नियमित परामर्श र बुझाइ पछि गुर्फानले शिक्षाको महत्त्व बुझे र नियमित रूपमा विद्यालय जाने निधो गरे ।

आज गुर्फानले आफ्नो डरलाग्दो विगतलाई छोडेर लामो यात्रा तय गरेका छन् । उनी आफ्नो गृहकार्य र परियोजना कार्य नियमित रूपमा गर्छन् र आफ्नो विद्यालयको नागरिकका आवाज र कर्तव्य (CVA) समूहमा आबद्ध भई बालश्रम, लागूऔषध दुरुपयोग र बालविवाह जस्ता हानिकारक अभ्यासहरू विरुद्ध आवाज उठाइरहेका छन् ।

उनका कक्षा शिक्षक बिन्देश्वर भन्छन्, "पहिले गुर्फानलाई पढाइमा रुचि थिएन । तर अहिले उनी नियमित गृहकार्य र प्रोजेक्ट वर्क पूरा गर्छन् ।"

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले संचालन गरेको पोषण तथा उत्थानशील जीविकोपार्जन कार्यक्रमको सहयोगमा गुर्फानको परिवारले स्थानीय किराना पसल संचालन गरेको छ । आजभोलि गुर्फानले विद्यालय समयपछि पसलमा मद्दत गर्छन् । पढाइमा राम्रो प्रगति गरेको र परिवारको अर्थतन्त्रमा सहयोग गरेको देखेर उनकी आमा धेरै खुसी छिन् ।



छलफलमा संलग्न CVA समूहका सदस्यहरू

# विद्यालयहरूमा नागरिक आवाज र कर्तव्य समूहको प्रभाव

सर्लाहीको ब्रह्मपुरीमा रहेको उत्पीडित उत्थान प्राथमिक विद्यालयले पर्याप्त कक्षा कोठाको अभावका कारण गुणस्तरीय शिक्षा प्रदान गर्न निकै चुनौती भोगिरहेको थियो । विद्यालयमा १९३ छात्रा र १९६ छात्र गरी ३८९ विद्यार्थीहरूलाई अध्यापन गराउन पर्याप्त कक्षा कोठा थिएनन् । यस्तो अभावका बाबजुद पनि समस्यालाई समाधान गर्न कुनै समन्वय र पहल पनि भएको थिएन ।

तर, सिकाइ परियोजनाको समन्वयमा विद्यालयमा CVA (Citizen Voice and Action) समूह गठन भएपछि आशाको किरण छायो । समूहले गम्भीर अवस्थालाई बुझेर विभिन्न तयारी सुरु गऱ्यो, जस्तै स्कोर कार्ड बैठक, विद्यालय प्रशासन र स्थानीय सरोकारवालाहरूसँग प्रत्यक्ष छलफलमा विद्यालय भवनको अभाव, पढाइ कुना, तालिम प्राप्त समावेशी शिक्षक, खानेपानीको असुविधा लगायत धैरै समस्याहरू पहिचान गऱ्यो । CVA समूहले समस्याहरू पहिचान गरी बालमैत्री र समावेशी पूर्वाधार लगायत आधारभूत आवश्यकताहरू पूरा गर्न एक कार्य योजना तयार गऱ्यो । विद्यालयका समस्याहरू समाधानको सुरुवात गर्दै निर्णयको दुई हप्ता भित्रै कार्य योजना लागू भयो । विद्यालयको नयाँ भवन निर्माण अन्तिम चरणमा पुगेको छ । पढाइ कुना बनेको छ, विद्यार्थीको शैक्षिक कार्यसम्पादन मूल्याङ्कन भइरहेको छ । अहिले विद्यार्थी र शिक्षकहरू नियमित रूपमा विद्यालय आउन थालेका छन् । नयाँ भवन सरकारी मापदण्ड अनुसार निर्माण भए नभएको सुनिश्चित गर्न जनप्रतिनिधि र विद्यालय प्रशासनले नियमित अनुगमन समेत गरेका थिए ।

CVA समूहको प्रयास सराहनीय छ, नयाँ भवनले विद्यार्थीहरूलाई सिकाइको अनुकूल वातावरण प्रदान गर्नेछ र पढाइ कुनाले पढ्ने बानीको विकास गरेको छ । विद्यार्थीहरूको हाजिरी र समयमा आए नआएको नियमित अनुगमनले अनुशासन लागू भएको छ । तालिमप्राप्त शिक्षकहरूले समावेशी शिक्षासँगै विद्यार्थीहरूको सुरक्षा र संरक्षणमा ध्यान दिन थालेका छन् ।

कुनै समय अव्यवस्थित प्राथमिक विद्यालय CVA समूहको पहलले अहिले उल्लेखनीय सुधार भएको छ । समूहको पहलमार्फत कसरी शिक्षामा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने उदाहरण प्रदान गरेको छ ।



निर्माणाधीन अवस्थामा विद्यालयको नयाँ भवन

# सुझाव तथा प्रतिक्रिया संयन्त्र मार्फत सिक्ने वातावरणमा सुधार


सर्लाहीको हरिपुर्वामा रहेको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयले कक्षाकोठाको अभाव, फोहर शौचालय, मर्मत सम्भारको अभाव, खेल मैदानको खराब अवस्था लगायतका समस्याहरू भोगिरहेको थियो । विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी र शिक्षक बिचको समन्वयको अभावका कारण समाधानको पहल समेत भएको थिएन ।

सिकाइ परियोजनाको सहयोगमा विद्यालयमा सुझाव तथा प्रतिक्रिया व्यवस्थापन समिति गठन गरियो । सुरुमा समितिले सुझाव पेटिका मार्फत प्रतिक्रियाहरू सङ्कलन गऱ्यो । प्रतिक्रिया आएपछि सोही अनुरूप अहिले शौचालयको ढोका मर्मत भएको छ । बाल विकास केन्द्र संचालन कोष प्रयोग गरेर कक्षाकोठाका भित्ताहरूमा नेपाली र अंग्रेजी अक्षरहरू र विभिन्न पक्षी र जनावरहरूका चित्रहरू कोरिएका छन्, जसले बालबालिकाको सिकाइमा सुधार ल्याउन पहल गरेको छ । समितिले सुझाव पेटिका मार्फत हरेक पन्ध्र दिनमा प्रतिक्रिया सङ्कलन गरी सम्बोधन गर्न छलफल कार्यक्रमको आयोजना गर्छ ।

विद्यालयका प्रधानाध्यापक लक्ष्मण राई सुझाव तथा प्रतिक्रिया संयन्त्रले विद्यालयको समावेशी वातावरण बनाएको बताउनु हुन्छ । विद्यालयमा सुझाव तथा प्रतिक्रिया व्यवस्थापन समिति गठन गर्न सहयोग गरेकोमा सिकाइ परियोजना प्रति आभार व्यक्त गर्दै उहाँ भन्नु हुन्छ, "सेनेटरी प्याड आवश्यक भएको विषयमा विद्यार्थीबाट प्रतिक्रिया पाएपछि हामीले नगरपालिकासँग समन्वय गरी नियमित रूपमा उपलब्ध गराउँदै आएका छौँ ।" अभिभावक र शिक्षकको समन्वयले विद्यालयको सिकाइ वातावरण र विद्यार्थीको नियमिततामा सुधार आएको उहाँको भनाइ छ ।



नवनिर्मित शौचालय



भित्तामा पेन्ट गरिएका अंकहरू



सुझाव पेटिका र पोस्टर

# शिक्षा, समावेशीकरण, वृद्धि र विकासलाई सशक्तीकरण गर्दै

सर्लाहीको मंगलस्थान प्राथमिक विद्यालय समावेशी शिक्षाको एउटा ज्वलन्त उदाहरण हो । पहिले यस विद्यालयले पुराना पूर्वाधार, खानेपानी, शौचालय र स्वच्छताको अभाव लगायतका समस्याहरूको सामना गरिरहेको थियो । तर सिकाइ परियोजनाको सहयोगपछि अहिले विद्यालयमा उल्लेखनीय परिवर्तन देख्न सकिन्छ ।

आरम्भमा परियोजनाले विद्यालयका समस्या र आवश्यकताहरूलाई पत्ता लगायो । यस्ता समस्याको मूल कारणहरू खोजी समाधानका लागि योजना बनायो । यसपछि परियोजनाले साना बालबालिकालाई उपयुक्त हुने बालमैत्री टेबल, कुर्सी, कार्पेट र प्रारम्भिक कक्षाका लागि सिकाइ सामग्रीका साथै शिक्षकहरूलाई समावेशी शिक्षण विधिहरूमा तालिम प्रदान गऱ्यो । दुई कोठे बालमैत्री तथा अपाङ्गतामैत्री विद्यालय भवन पनि तयार भयो । यससँगै हात धुने व्यवस्था सहितको अपाङ्गता तथा बालमैत्री शौचालय बनेको छ । सुरक्षित पिउने पानीको सुविधा जडान भएपछि विद्यालय समयमा विद्यार्थीहरूलाई पानी लिन बाहिर निस्कनु पर्ने बाध्यता हटेको छ ।

परियोजनाले अति सङ्कटासन्न समूह, विशेषगरी सीमान्तकृत, अपाङ्गता भएका र सिकाइमा कठिनाइ भएका बालबालिकाहरू प्रति विद्यालयको समान दृष्टिकोण बनाइ समावेशी वातावरण सिर्जना गरेको छ । अहिले बनेको समावेशी भवन र शौचालयले अपाङ्गता भएका बालबालिकाका लागि सहज पहुँच बनाएको छ र उनीहरू समावेशी खेलकुद सामग्रीको प्रयोग गरी अतिरिक्त क्रियाकलापमा भाग लिने अवसर पाएका छन् ।

समावेशिता विद्यालयको पहिचानको अभिन्न अङ्ग बनेको छ र शैक्षिक सामग्रीको महत्त्वलाई झल्काएको छ । विद्यालयको सङ्घर्षका मूल कारणहरूलाई सम्बोधन गर्दै र आवश्यक स्रोतहरू उपलब्ध गराउँदा जीवन्त, समावेशी सिकाइ वातावरण सिर्जना भएको छ । परियोजनाको सफलता रूपान्तरणात्मक परिवर्तनकारी शक्तिको प्रमाण हो र यसले विद्यार्थी र शिक्षकहरूलाई समान रूपमा सकारात्मक प्रभाव पारेको छ ।

विद्यालयका भौतिक संरचना अपाङ्गतामैत्री, बालमैत्री र समावेशी भएका छन् । अपाङ्गता भएका बालबालिकाका अभिभावकहरूलाई पनि पढाउनुपर्छ, पढ्न पठाउनुपर्छ भन्ने भावनाको विकास भएको छ जसले गर्दा उपस्थितिमा पनि सुधार आएको छ । साथै परियोजनाले संचालन गरेको पढाइ सचेतना कार्यशालले आफ्ना छोराछोरीलाई घरमा पनि पढ्ने वातावरण बनाइदिनुपर्छ भन्ने भावना जगाइदिएको छ ।



*हात धुने सुविधा सहितको नवनिर्मित शौचालय*



EGL सामग्रीका साथ पढाउँदै शिक्षिका रञ्जना

## हामीले समावेशी शिक्षाको थालनी गरेका छौँ

सर्लाहीको उत्पीडित उत्थान प्राथमिक विद्यालयमा सङ्कटासन्न समूह, विशेषगरी सीमान्तकृत, अपाङ्गता भएका र सिकाइमा कठिनाइ भएका बालबालिकाहरूका लागि पढ्न धेरै गाह्रो थियो । यस्ता बालबालिकालाई पढाउन शैक्षिक तथा समावेशी खेलकुद सामग्रीको अभाव थियो ।

यद्यपि सिकाइ परियोजना आएपछि यस विद्यालयको समावेशी शिक्षामा नयाँ आयाम थपियो । कक्षा कोठामा खेल्दै सिक्न सकिने शैक्षिक सामग्रीहरू जस्तैः डाइस, अक्षर पत्ती, कथाहरू, कविताहरू, र अन्य शैक्षिक स्रोतहरूको व्यवस्था गरिएको छ । विषयगत शैक्षिक सामग्रीहरू पनि उपलब्ध छन् र शिक्षकहरूलाई यी सामग्रीहरू प्रयोग गर्न तालिम पनि दिइएको छ । यस्ता सामग्रीको प्रयोग गरी अहिले अपाङ्गता भएका लगायत सबै बालबालिकाले सुरक्षित र सहयोगी वातावरणमा सिक्न सकिरहेका छन् ।

शिक्षकहरूले नियमित रूपमा शैक्षिक सामग्रीहरू प्रयोग गर्न थालेपछि कक्षाहरू थप आकर्षक र अन्तरक्रियात्मक भएका छन् । अपाङ्गता भएका बालबालिकाहरू शैक्षिक र खेलकुद गतिविधिहरूमा रमाउन थालेका छन् ।

विद्यालयकी शिक्षिका रञ्जनाले आफ्नो अनुभव सुनाउँदै भन्नुहुन्छ, “शैक्षिक र खेलकुद सामग्री प्रयोग गर्दा बालबालिकाको शैक्षिक गतिविधिमा सुधार आएको महसुस गरेकी छु, यी सामग्रीको प्रयोगपछि अपाङ्गता भएका बालबालिका पनि रमाउँदै सिकिरहेका छन् ।”


सिकाइ परियोजनाको सहयोगपछि यहाँका बालबालिकाहरूले अब विविधता सहितको समावेशी शिक्षामा पहुँच पाएका छन् । यो सफलताले यस्तै चुनौतीहरूको सामना गरिरहेका अन्य समुदायहरूका लागि समावेशी शिक्षा सम्भव मात्र होइन, राम्रो भविष्यको लागि आवश्यक छ भन्ने कुराको सम्झना गराउँछ ।

# नीतिहरूले समावेशी वातावरण सिर्जना गरेको छ

समावेशी शिक्षा नीति बनेपछि अपाङ्गता भएका बालबालिकाहरूका लागि समावेशी र पहुँचयुक्त वातावरण सिर्जना भएको छ, जसले उनीहरूलाई आफ्ना साथीहरूसँगै अध्ययन गर्न सक्षम बनाएको छ । सिकाइ परियोजनाले सर्लाहीका चार स्थानीय तह चन्द्रनगर, ब्रम्हपुरी, पर्सा गाउँपालिका र हरिपुर्वा नगरपालिकामा समावेशी शिक्षा नीति, बाल संरक्षण नीति र स्थानीय पाठ्यक्रम विकास सम्बन्धी कार्यहरू गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । मधेश प्रदेशका सबै स्थानीय सरकारमध्ये यी चार पालिकामा मात्रै समावेशी शिक्षा नीति बनेका छन् ।

समावेशी शिक्षा नीति लागू भएपछि अपाङ्गता भएका व्यक्तिले अध्ययन गर्न सक्दैनन् भन्ने भ्रम मेटिएको हरिपुर्वाका शिक्षा शाखाका प्रमुख जनक काफ्लेले बताउनु हुन्छ । उपयुक्त सामग्री र समावेशी वातावरणका साथ, अपाङ्गता भएका बालबालिकाहरूले आफ्ना साथीहरूसँगै मिलेर सिक्न सक्छन् भन्ने कुरा प्रमाणित गरेको छ । परिवार, समुदाय र नगरपालिकाको सानो सहयोगमा उनीहरूले पनि जीवन उपयोगी सीपहरू सिकेर आफ्नो लक्ष्यमा पुग्न सक्छन् भन्ने सन्देश दिएको छ । समावेशिता लागू भएपछि विद्यालय छोड्ने दर पनि उल्लेखनीय रूपमा घटेको छ । जनक काफ्लेले बताउनुहुन्छ, "पहिले विद्यालय छाड्ने दर ४५ प्रतिशत थियो, तर अहिले विद्यालय छाड्नेको सङ्ख्या घटाउने नीति तथा कार्यक्रमको कार्यान्वयनका कारण ९७ प्रतिशत बालबालिका नियमित विद्यालय जान्छन् ।"

सर्लाहीको चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महत्तोले पनि सिकाइ परियोजनाले समावेशी शिक्षा नीति र समावेशी पूर्वाधारको निर्माणमा सहयोग भएकोमा प्रशंसा गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "परियोजनाले समावेशी वातावरण सिर्जना गर्ने लक्ष्य राखेको थियो फलस्वरूप, पूर्वाधारहरू अपाङ्गता र बालमैत्री बनेका छन् ।" परियोजनाले नगरपालिकालाई समावेशी शिक्षा नीति निर्माण र कार्यान्वयन गर्न सहयोग गरेको उहाँको भनाइ छ । अध्यक्ष राजकुमारले थप प्रष्ट पार्दै भन्नुहुन्छ, "अहिले बालबालिका नियमित रूपमा कक्षामा उपस्थित हुन थालेका छन् र अभिभावकले पनि आफ्ना छोराछोरीलाई पढ्न पठाउँछन् र घरमा पनि उनीहरूको पढाइमा सहयोग गरिरहेका छन् ।" उहाँ भन्नुहुन्छ, "परियोजनाले गरेका राम्रा कामहरूलाई पालिकाको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेका छौं, जसले गर्दा सिकाइ परियोजना सम्पन्न भएपछि पनि यसको प्रभाव लामो समयसम्म रहन्छ भन्ने मलाई लाग्छ ।"



*नीतिहरू देखाउँदै जनक काफ्ले*

# आशा विद्यालय जान थालिन्

सर्लाहीकी ११ वर्षीय आशा अहिले नियमित विद्यालय जान्छिन्, गृहकार्य पूरा गर्छिन् र वर्णमालाका ५० सम्मका अङ्क र दुई अक्षरले बनेका शब्दहरू पढ्न सक्छिन् ।

आर्थिक अवस्था कमजोर भएकाले आशाका बुबा कामका लागि भारत जाने गर्थे । दुःखको कुरा आशा सानै छँदा उनको बुबाको निधन भयो । बुबाको निधन भएको तीन वर्ष नबित्दै आमालाई पनि पक्षघात भयो । परिवारका सदस्य मध्ये कोही पनि कमाउन सक्ने नहुँदा उनीहरूलाई ठुलो सङ्कट आयो । त्यसैले आशा र परिवारका अन्य सदस्यहरूले अरूको घरको बाखा चराउने, भाडा माझ्ने, सरसफाइ गर्ने जस्ता काम गरेर जीविकोपार्जन गर्न थाले ।

आशाको समुदायले आफ्ना छोराछोरीलाई विद्यालय पठाउन त्यति चासो देखाउँदैन थिए । यसै समयमा सिकाइ परियोजना आयो । परियोजनाले विपन्न, सिकाइमा कठिनाइ भएका र विद्यालय जाने अवसर नपाएका बालबालिकाहरूको सूची तयार गऱ्यो । त्यस सूचीमा आशाको नाम पनि पऱ्यो । उनलाई पढ्ने इच्छा भए पनि कहिले पनि विद्यालय गएकी थिइनन् ।

परियोजनाले तीन महिनाको लागि टोल शिक्षा कक्षाहरू संचालन गऱ्यो, त्यसपछि उनी विद्यालयको कक्षा दुईमा भर्ना हुन सफल भइन् । परियोजनाले उनलाई शैक्षिक सामग्री पनि सहयोग गऱ्यो, जसले उनलाई नियमित रूपमा विद्यालयमा पढ्न लेख्न सजिलो बनायो । खुसी व्यक्त गर्दै आशा भन्छिन्, "म सधैं पढ्न चाहन्थे तर गरिबीले सकेकी थिइन, परियोजनाको सहयोगले गर्दा म अब पढाइमा सक्षम भएकी छु ।" परियोजनाले विद्यालय बाहिर रहेका बालबालिकालाई टोल शिक्षा कक्षा संचालन गरेर भर्ना गर्न सक्षम बनाएको छ ।





# पढाइ सचेतना कार्यशालाको प्रभाव

# उचित तरिका अपनाउँदै : बालबालिकाको प्रगतिका लागि प्रतिबद्ध

तीन छोरी र एक छोरासहित ६ जनाको परिवारसँग बस्दै आएकी पञ्चको दैनिकी घरायसी काममा रुमलिएको थियो भने उनका श्रीमान् भारतमा मजदुरको रूपमा काम गर्थे । उनले दैनिक कामहरूको व्यस्तताले छोराछोरीको शिक्षालाई सक्रिय रूपमा सहयोग गर्न सकेकी थिइनन् । छोराछोरी विद्यालयको पोसाक तयार गरिदिने देखि लिएर गृहकार्य गरे नगरेको हेर्ने लगायतका शैक्षिक कामलाई उनले प्राय बेवास्ता गर्थिन् । यस कारण उनका छोराछोरी विद्यालयमा पनि नियमित जाँदैन थिए र पढाइ पनि राम्रो थिएन ।

तर सिकाइ परियोजनाले संचालन गरेको पढाइ सचेतना कार्यशालामा सात महिना सहभागी भएपछि उनले आफ्ना छोराछोरीको शिक्षामा आमाबाबुको महत्त्वपूर्ण भूमिका रहने बुझिन् । नयाँ चेतनाको साथ, पञ्चले आफ्नो दैनिक कामहरूबाट समय मिलाएर छोराछोरीको शिक्षामा पनि समय दिन थालिन् । उनले विद्यालयको पोसाक, पुस्तक तथा कापीहरू मिलाइदिनुका साथै अनुशासनको भावना जगाइन्, यसपछि उनका छोराछोरीहरू पनि नियमित रूपमा विद्यालय जान थाले । छोराछोरीको शिक्षामा समर्पित पञ्चले अहिले हरेक दिन बिहान र बेलुका कम्तीमा एक घण्टा उनीहरूको पढाइमा सहयोग गर्छिन् । उनीहरूको घरमा अहिले छोराछोरीहरूले तयार गरेका चित्रहरूद्वारा सजाएको पढाइ कुना छ जसले सिक्ने वातावरण बनाएको छ ।

पञ्चले अहिले आफ्ना छोराछोरीहरूलाई पारिवारिक छलफल र निर्णयहरूमा पनि सक्रिय रूपमा सहभागी गराउँछिन्, जसले उनीहरूमा व्यवहारिकपन बढ्दै गएको छ । छोराछोरीको प्रगतिबारे बुझ्न उनी हरेक १५ दिनमा विद्यालय जान्छिन् र शिक्षकहरूसँग कुराकानी पनि गर्छिन् । घरायसी काममा व्यस्त हुँदाहुँदै पनि उनले छोराछोरीको शैक्षिक उपलब्धिको निरन्तर अनुगमन गरिरहेकी छिन् । पञ्च अहिले आफ्ना छोराछोरीको शिक्षामा प्रतिबद्ध छिन् । सिक्ने अवसरलाई सदुपयोग गर्दै उनी अहिले छोराछोरीको पढाइको समयमा सँगै बसेर आफूले पनि सिकिरहेकी छिन् । उनी अहिले नेपाली वर्णमाला सिकेर आफ्नो नाममा हस्ताक्षर गर्न सक्ने भएकी छिन् । आफ्नो नयाँ सीपलाई गौरव गर्दै पञ्च भन्छिन्, “मैले विद्यालय जाने मौका पाइन तर अहिले छोराछोरीसँग पढ्न र लेख्न सिकिरहेकी छु । पहिले बैठक र बैंकहरूमा हस्ताक्षर गर्न नजान्दा लाज हुन्थ्यो तर अब हस्ताक्षर गर्न सक्छु र म धेरै खुसी छु ।”

बोल्न सक्ने आत्मविश्वास र शिक्षाको महत्त्वको बारेमा बढेको जागरूकता नै उनको प्रगतिको प्रमाण हो । पञ्चको प्रगतिको कथाले जीवन परिवर्तन गर्न शिक्षाको महत्त्व झल्काउँछ ।




*पढाइ कुनामा छोरीको अध्ययनलाई सहयोग गर्दै पञ्च*

# समावेशी शिक्षाको लागि अभिभावकलाई सशक्त बनाउँदै

सर्लाहीको स्थानीय गाउँमा छोराछोरीको पढाइ आमाको मात्रै जिम्मेवारी रहन्थ्यो । बुबाहरू शिक्षामा कमै चासो राख्थे, यसकारण यहाँको शिक्षाको स्तर धेरै कमजोर थियो । तर नुरेनले यो अभ्यासलाई परिवर्तन गर्न थाले ।


*बालबालिकाको शिक्षाको महत्त्व बताउँदै नुरैन*

सिकाइ परियोजनाले बालबालिकाको शिक्षामा सुधारका लागि अभिभावकहरूलाई चेतना जगाउन छलफल कक्षाहरू संचालन गरेपछि नुरेनले धेरै कुरा बुझ्ने मौका पाए । पढाइ सचेतना कार्यशालामा बालबालिकाका लागि घरमै पढाइ कुना बनाउने, बालबालिकालाई नियमित विद्यालय पठाउने, सरसफाइमा ध्यान दिने लगायतका विषयमा छलफल भएको थियो ।

सचेतना कार्यशालामा सहभागी भएपछि नुरेनले आफ्ना छोराछोरीको पढाइमा सहयोग गर्न थालेका छन्, उनीहरूको गृहकार्य जाँच्छन् र पढाइ कुनाको पनि व्यवस्थापन गरेका छन् । उनले अब आफ्ना बाँकी चार छोराछोरीलाई राम्रोसँग पढाउने र २० वर्ष पूरा भएपछि मात्रै विवाह गर्ने निर्णय समेत गरेका छन् ।

सिकाइ परियोजनाको पहलले समुदायको शिक्षा प्रणालीमा धेरै परिवर्तन ल्याएको छ । बुबाहरूले पनि छोराछोरीको पढाइमा चासो दिन थालेका छन् । उनीहरूले आफ्ना बालबालिकाको भविष्यका लागि शिक्षाको महत्त्व बुझेका छन् र उनीहरूलाई हरसम्भव सहयोग गर्न थालेका छन् । सचेतना कार्यशालाले अभिभावकहरूलाई उनीहरूका छोराछोरी प्रति जिम्मेवारीको भावना पनि बढाएको छ । उनीहरूले आफ्ना बालबालिकाको स्वास्थ्य र सरसफाइको ख्याल गर्न थालेका छन्, जसले गर्दा पढाइको वातावरण राम्रो भएको छ । अहिले बालबालिकाहरू नियमित रूपमा विद्यालय जान्छन्, र बिचमै विद्यालय छाड्ने दर पनि धेरै घटेको छ ।

यस परियोजनाले अभिभावक र शिक्षकहरू बिचको समन्वय सुधार गर्न पनि मद्दत गरेको छ । अभिभावकहरू अहिले आफ्ना बालबालिकाको विद्यालयमा भएको प्रगतिबारे सचेत छन् र समय समयमा आफ्ना बालबालिकाको अवस्था बुझ्न विद्यालय जान्छन् । अहिले अभिभावकहरूले शिक्षकहरूलाई पनि प्रतिक्रिया दिइरहेका छन्, जसले शिक्षकहरूलाई आफ्ना विद्यार्थीहरूको क्षमता र कमजोरीहरू पहिचान गर्न र सोही अनुसार शिक्षण तरिकामा सुधार गर्न मद्दत मिलेको छ ।

# पढाइ सचेतना कार्यशालाले आमालाई बालबालिकाको शिक्षा प्रति प्राथमिकता दिन मद्दत गऱ्यो

सर्लाहीकी निरमाले छोराछोरीको शिक्षाको महत्त्वका विषयमा अभिभावकहरूलाई सचेतना जगाउन संचालन गरिएको पढाइ सचेतना कार्यशालामा भाग लिइन् र घरमै आफ्ना छोराछोरीको सिकाइलाई कसरी सहयोग गर्न सकिन्छ भनेर छलफल गरिन् ।

निरमा समुदायमा आफ्ना छोराछोरीको पढाइमा सहयोग गर्दै सानो किराना पसल चलाउँछिन् र उनका श्रीमान् कारखानामा काम गर्छन् । अभिभावक सचेतीकरण कक्षाले आफ्ना छोराछोरीको भविष्यका लागि शिक्षाको महत्त्वका विषयमा संवेदनशील बनाएको निरमा बताउँछिन् ।

कार्यशालामा भाग लिनुअघि निरमाले आफ्ना छोराछोरीहरूलाई औपचारिकताका लागि मात्रै विद्यालय पठाउँथिन् र आफ्नो दैनिक जीविकोपार्जनमा बढी ध्यान दिन्थिन् । आफ्ना छोराछोरीलाई उनीहरूको पढाइमा सहयोग गर्नुपर्छ भन्ने कुरामा उनलाई त्यति चासो थिएन । उनी भन्छिन्, “छोराछोरीको पढाइ बुझ्न विद्यालय जानुपर्छ भन्ने विचार मलाई कहिल्यै आएन ।” फलस्वरूप उनका छोराछोरीहरू पढाइमा औसतभन्दा कमजोर थिए । निरमा भन्छिन्, “पहिले मेरा छोराछोरीलाई गृहकार्य गर्न वा घरमा पढ्न रुचि थिएन । उनीहरू आफ्नो झोला फालेर अरू बालबालिकाहरूसँग खेल्न दौडिन्थे र विद्यालयमा पनि अनियमित थिए ।” उनी अगाडि भन्छिन्, “म सधैं पसल र घरायसी काममा व्यस्त हुँदा छोराछोरीको पढाइमा ध्यान दिन सकेकी थिइन ।”

पढाइ सचेतना कार्यशालाले निरमाको जीवनमा मत्त्वपूर्ण परिवर्तन ल्याएको छ । उनले आफ्नो घरमा छोराछोरीको सिकाइलाई ध्यान दिँदै र उनीहरूको शिक्षामा आफूलाई संलग्न गराउने वातावरण सिर्जना गरेकी छन् । उनले घरमा पढाइ कुना पनि बनाएकी छिन्, जसले छोराछोरीहरूको पढाइका लागि रमाइलो वातावरण बनाइदिएको छ । निरमा छोराछोरीको अवस्था बुझ्न समय समयमा विद्यालय जान्छिन् र शिक्षकहरूसँग छलफल गर्छिन् । उनले आफ्नो व्यस्त दैनिक दिनचर्याबाट समय निकालेर छोराछोरीको आवश्यक शैक्षिक सामग्रीहरू छन् कि छैनन् भनेर सुनिश्चित गर्छिन् जसले उनका छोराछोरीको पढाइप्रति झुकाव बढाएको छ । उनी भन्छिन्, “पढाइ सचेतीकरण कार्यशाला अघि, मलाई मेरा छोराछोरीहरूको शिक्षालाई सहयोग गर्ने तरिकाहरू थाहा थिएन । सचेतीकरण कक्षामा भाग लिएपछि मैले उनीहरूसँग केही समय बिताउन सकेकी छु जसले मेरा छोराछोरीलाई भावनात्मक रूपमा नजिकबाट बुझ्न समेत सहयोग गरेको छ ।”



*निरमा आफ्नो किराना पसलमा*



आफ्ना छोराछोरीलाई पढाउँदै रहना

## समुदाय सचेतनाको आशाजनक प्रभाव

सर्लाहीकी रहना आफ्ना छोराछोरीको शैक्षिक प्रगति देखेर खुसी छिन् । रहना भन्छिन्, “मैले घरमै सिकाइको वातावरण सिर्जना गरेकी छु र समय समयमा आफ्ना छोराछोरीको पढाइको अवस्था बुझ्न विद्यालय जान्छु । अहिले मलाई उनीहरूले गरेको शैक्षिक प्रगति थाहा पाउन समेत सहयोग पुगेको छ ।”

विगतमा समुदायका धेरै अभिभावकहरूले छोराछोरीको शिक्षामा धेरै चासो राख्दैनथे, जसले गर्दा विद्यार्थीहरूको शैक्षिक अवस्था निकै कमजोर थियो । कतिपय बालबालिकाको घरमा सिकाइको वातावरण नहुँदा विद्यालय जान समेत छाडेका थिए । तर पढाइ सचेतना कार्यशाला संचालन भएपछि रहना जस्ता अभिभावकहरूले आफ्ना बालबालिकाको शिक्षामा बढी ध्यान दिन थालेका छन् । परियोजनाले अति सङ्कटासन्न समूह, विशेष गरी सीमान्तकृत, अपाङ्गता भएका र सिकाइमा कठिनाइ भएका बालबालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले पढाइ सचेतना कार्यशाला संचालन गरेको थियो, जहाँ अभिभावकहरूलाई शिक्षाको महत्त्व र बालबालिकाको सिकाइ वातावरण कसरी राम्रो बनाउन सकिन्छ भन्ने सिकाइएको थियो ।

कार्यशालामा भाग लिएपछि अभिभावकहरू बालविवाह, कुरीति, कुसंस्कार र सामाजिक बाधा तथा लागूऔषध दुर्व्यसन जस्ता विषयमा समेत सचेत भएका छन् । रहना भन्छिन्, “हाम्रो आर्थिक अवस्था कमजोर छ, हामीसँग खेती गर्न जमिन छैन । अरूको खेतबारी र सिलाइको काम गरेर हामी आफ्नो जीविकोपार्जन गर्छौं । यद्यपि, यी बालबालिकाहरू हाम्रो भविष्य र आशाको केन्द्र हुन् । हामी यिनीहरूलाई गुणस्तरीय शिक्षा र संस्कार प्रदान गर्न प्रतिबद्ध छौं ।”

# छोराको पढाइलाई सहयोग गर्न सिमाको यात्रा

सर्लाहीका १४ वर्षीय सन्जितमा शारीरिक, श्रवण र बोलाई सम्बन्धी कठिनाइ छ । जसले गर्दा उनलाई शैक्षिक गतिविधिमा पूर्ण रूपमा सहभागी हुन निकै असजिलो भएको थियो । तर, उनको शैक्षिक यात्रामा उनकी आमा सिमा र परिवारले साथ दिएका छन् ।

सिमाले पढाइ सचेतना कार्यशालामा सक्रिय रूपमा भाग लिएपछि विद्यालयका शिक्षकहरूसँग सन्जितको सुनुवाइका कठिनाइहरूबारे छलफल गरिन् । शिक्षकहरूले पनि सन्जितको आवश्यकताहरूमा बढी जोड दिए र कक्षामा उनलाई अगाडि बस्न प्रोत्साहन गरे ।

सिमाले पढाइ सचेतना कार्यशालाबाट सिकेको कुरा घरमा पनि लागू गरिन्, आफ्नो छोराको लागि महत्त्वपूर्ण समय दिइन् । उनको छोरालाई सुन्न कठिनाइ थियो, सिकाइ परियोजनाबाट श्रवण यन्त्रको सहयोग पाएपछि सन्जितले पढाइमा उल्लेखनीय प्रगति गरेका छन् । अहिले उनले सामना गरिरहेका समस्याहरू क्रमशः हट्दै गएका छन् । उनलाई नयाँ साथी बनाउन पनि रमाइलो लाग्छ । उनकी आमा सिमा भन्छिन्, “म उसको प्रगति अनुगमन गर्न हरेक १-२ हप्तामा उनको विद्यालयमा जान्छु, र शिक्षकले मलाई उनी अहिले नियमित रूपमा पढिरहेको बताएका छन् ।”

सिकाइ परियोजनाले आयोजना गरेका विभिन्न शैक्षिक तथा खेलकुद कार्यक्रमहरूमा सन्जित पनि सहभागी भए । यी कार्यक्रमहरूले उनको शिक्षाको पुनःप्राप्तिमा सहयोग गरेको छ । परियोजनाले शैक्षिक तथा खेलकुदका सामग्री उपलब्ध गराएको छ जुन उनको सर्वाङ्गीण विकासका लागि लाभदायी साबित भएको छ ।

सन्जितले कसरी सहयोगी सामग्रीहरूसँग सक्रिय रूपमा संलग्न भइरहेको र तिनीहरूलाई प्रयोग गरेर खेल खेल्न रमाइलो गरिरहेको छ भन्ने कुरा सिमाले महसूस गरेकी छिन् । सन्जितको शैक्षिक उपलब्धिमा योगदान पुऱ्याएको र उनको जीवनस्तरमा सुधार ल्याएको सहयोगका लागि उनी कृतज्ञ छिन् । उनी विभिन्न खेलकुद र खेलहरूमा सन्जितको सफलताको बारेमा पनि सचेत छिन्, जसमा उसले सक्रिय रूपमा भाग लिने मात्रै होइन, उत्कृष्ट प्रदर्शन पनि गर्छन् ।

सिमाले आफ्नो घरमा सन्जितको लागि पढाइ कुनाको व्यवस्था गरेकी छिन्, जहाँ उनले आफ्नो शैक्षिक तथा खेलकुदका सामग्री राख्छन् । विभिन्न कारणले विद्यालय बन्द हुँदा पनि यी शैक्षिक सामग्रीले सन्जितको पढाइ निरन्तर राख्न र पछाडि नफर्किने सुनिश्चित गर्न मद्दत गरेको छ । यी कार्यहरूले उनको आत्मविश्वास मात्र नबढाई अरूलाई पनि प्रेरणा दिएको छ ।



*विद्यालयमा छोराको पढाइका बारेमा जानकारी लिँदै सिमा*

# Overview of Sikai Project

**Total beneficiaries reached**

**66325**

**Technical support provided for policies: Inclusive education policy, Protection policy, Local curriculum**

**Construction 32 classrooms 12 WASH facilities 12 gender friendly and accessible toilets**

Total children reached **25328**

Girls **14456** Boys **10872**

Total children with disability reached **526**

Girls **254** Boys **272**

Total schools **81**
(community school-58, madrasa-23)

Total parents/caregivers reached **10148**

RAW session participants **9599**

Total C-Change group **58**

Total CVA group **58**

Early grade teacher trained **379**

children empowered on life skills by Rupantaran **911**

Total ECED facilitator trained **62**



छोरी नुरैसाको पढाइमा सहयोग गर्दै अनिसा